# पैयूँ गाउँपालिकाका उपाध्यक्ष श्री जसमती गुरुङ ज्यूबाट आठौं गाउँसभामा प्रस्तुत आ.व.०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम

पैयूँ गाउँपालिका, हुवास पर्वत
गण्डकी प्रदेश, नेपाल
१० आषाढ २०७८

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

## पैयूँ गाउँपालिकाका उपाध्यक्ष श्री जसमती गुरुङ ज्यूबाट आठौं गाउँसभामा प्रस्तुत आ.व.०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रम

मिति २०७८/०३/१०

**आदरणीय सभाध्यक्ष ज्यू, गाउँसभाका सदस्यज्यूहरु, कर्मचारी तथा सुरक्षाकर्मीहरु र सञ्चारकर्मी मित्रहरु,**

१ पैयूँ गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरव महशुस गरेको छु।

२ लोकतन्त्र प्रासिको लामो सङ्घर्ष एवं आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३ कोभिड-१९ को दोस्रो भेरियन्टबाट सिर्जना भएको वर्तमान असहज परिस्थितिमा पैयूँबासी लगायत मुलुक भित्र र बाहिर रहनुभएका नेपाली समुदाय तथा विश्वभर रहेका सबै मानवजातिहरु प्रति स्वास्थ्य लाभ र सुरक्षाको कामना गर्न चाहन्छु । साथै कोभिड-१९ को दोस्रो भेरियन्टका कारणबाट यस पालिका भित्र मृत्यु भएका नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली र परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**सभाध्यक्ष ज्यू,**

**अव म चालू आर्थिक वर्षका मुख्य मुख्य उपलब्धिहरु संक्षिप्तमा प्रस्तुत गर्दछु ।**

४ कोभिड-१९ उपचार, रोकथाम तथा नियन्त्रणका लागि रु.४० लाखको महामारी नियन्त्रण तथा व्यवस्थापन कोषको स्थापना गरी कोभिड-१९ को उपचार, रोकथाम तथा नियन्त्रणको ब्यबस्था मिलाइएको छ । नेपाल सरकारबाट प्राप्त रु.१० लाखबाट ७ वेडको कोरना अस्थायी अस्पताल निर्माण गरिएको छ भने १ जना मेडिकल अधिकृत र २ जना स्टाफ नर्सको ब्यवस्था गरी उपलब्य स्रोत साधन र जनशक्तिको अधिकत्तम परिचालन गरिएको छ।कोभिड-१९ र जनस्वास्थयलाई मध्यनजर गरी ७ वटै वडा कार्यालयका स्वास्थ्य केन्द्रहरुमा स्वास्थ्य सुरक्षा सामग्री र औषधीको प्रयाप्त ब्यबस्था मिलाइएको छ । जसबाट कोभिड-१९ रोगको महामारीलाई नियन्त्रण गर्न मद्दत पुगि जनतामा कोभिड १९ संग लड्न सक्ने आत्मवल वृद्धि भएको महशुस गरिएको छ ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

५ सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम अन्तर्गत बालविकास केन्द्र देखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरुलाई खाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिइएको। यस कार्यक्रमले बालबालिकाको स्वास्थयमा समेत सकारात्मक प्रभाव पारेको छ ।

६ सबै वडाहरुमा कृषकहरुलाई अनुदानको रुपमा तरकारीको विउ वितरण गरिएको छ । भकारो सुधार कार्यक्रम अन्तर्गत सबै वडाका ४० जना किसानहरुलाई अनुदान उपलब्ध गराइएको छ, जसबाट कृषकको उत्पादन वढ्नुको साथै रोजगारी सिर्जना भई कृषकको आम्दानी समेत वढेको छ ।

७ साना सिंचाई अन्तरगत ७ वटै वडामा १९ वटा योजना रहेकोमा १८ वटा योजना संझौता भई कार्यान्वयनमा रहेका छन् भने बाँकी १ वटा योजना समेत चालू आ.व. भित्रै सकिने गरी आवश्यक कार्यप्रक्रिया अगाडि बढाइएको छ। यसै गरी ५० प्रतिशत अनुदानमा फलफूलका विरुवा किसानहरुलाई वितरण गर्ने कार्य समेत चालु आ.व. भित्रै सम्पन्न हुने गरी आवश्यक व्यबस्था मिलाइएको छ ।

८ कृषि पकेट कार्यक्रम अन्तर्गत वडा नं. ३ मा सुन्तला जातको पकेट र वडा नं. ४ र ५ मा कागती र मकै पकेट कार्यक्रम सञ्चालनमा रहेको छ ।

९ लघुउद्यम विकास कार्यक्रम अन्तर्गत उद्यम सचेतना कार्यक्रम सम्पन्न भई उद्यमीको सिर्जनशीलतामा टेवा पुगेको छ। स्थानीय दलित महिला उद्यमीद्वारा सञ्चालित बेउलीबास ढाका उद्योगको क्षमता अभिबृद्धि तथा प्रोत्साहन स्वरुप ढाका बुन्ने तान उपलब्ध गराइएको छ जसबाट महिला उद्यमशिलताको विकास भएको छ भने स्थानीय रोजगारीलाई समेत टेवा पुऱ्याएको छ।

१० कक्षा १ देखि ३ सम्म अनिवार्य र ५ कक्षासम्म अंग्रेजी माध्यममा पठनपाठनलाई निरन्तरता दिइएको छ जसबाट विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि भई शिक्षक समेतको कार्यक्षमता अभिवृद्धि भएको छ । साथै बार्षिक शैक्षिक गतिविधिहरुलाई नियमित गर्न शैक्षिक क्यालेण्डर प्रकाशन ल्याई विद्यालय सञ्चालनमा एकरुपता ल्याइएको छ ।

११ पञ्जिकरणलाई विद्युतिय माध्यमबाट अभिलेखिकरण गर्ने कार्य सम्पन्न भएको छ, जसबाट जन्म, मृत्यु, बसाइसराई जस्ता पञ्जिकरण सम्बन्धी अभिलेख चुस्त दुरुस्त रहेको छ, सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई ब्यवस्थित बनाएको छ ।

१२ परम्परागत कृषि प्रणालीलाई यान्त्रिकिरण गर्ने उद्देश्यका साथ यस आ.व भित्रै कृषकहरुलाई जम्मा ३० वटा हाते ट्र्याक्टरका साथै २३ वटा कुटानी पिसानी मिल प्रदान गर्ने कार्य प्रक्रिया अगाडि बढाइएको छ ।

पैयूं गाउँपालिका
कार्यालय
हुवास, पर्वत
नेपाल
२०७३

१३ गाउँपालिकाको सवै वडाका मुख्य सडकहरुको स्तरोन्नतीका लागि ठेक्का प्रकृया मार्फत सडक स्तरोन्नतिको काम भइरहेको छ । समयमै कार्य सम्पन्न भई स्थानीय उत्पादनको बजारिकरणका साथै आय आर्जनमा टेवा पुर्‍याउने छ ।

१४ प्रदेश सरकारको समपुरक अनुदान प्राप्त काहु सिरवानी बालाकोट सडकको निर्माण कार्य ठेक्का प्रकृयाबाट अगाडि बढि निर्माण कार्य भईरहेको छ । वडा नं. २ त्रिवेणीमा खेल मैदान निर्माण कार्यका लागि प्रदेश सामाजिक मन्त्रलयकोबाट विनियोजित बजेट अन्तर्गत खेल मैदान निर्माण कार्य तिब्रताकासाथ अगाडि बढाइएको छ ।जसले स्थानीय खेलाडीहरुको उत्साह वढाएको छ । जसले पैयूँ क्षेत्रको पूर्वाधार विकासलाई तिब्रता दिनुका साथै वित्तिय हस्तान्तरणको तहगत समन्वय सुमधुर भएको छ ।

१५ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि निर्माण व्यवसायी संग सम्झौता सम्पन्न भई १८ महिना भित्र निर्माण सम्पन्न हुने कार्य अघि वढेको छ । ४ नं वडा कार्यालयको तला थप कार्य समेत यसै आ.व.मा सम्पन्न हुनेछ । वडा नं. ५ र वडा नं.२ को वडा कार्यालय भवनमा कम्पाउण्ड वाल निर्माण कार्य सम्पन्न भएसकेको छ ।

१६ पैयूँ गा.पा. साविक हुवास स्वास्थ्यचौकीलाई स्तरोन्नती गरी १० शैयाको अस्पताल बनाउने नेपाल सरकारको निर्णय अनुसार अस्पताल निर्माणका लागि बोलपत्र आह्वान गरिएको छ । अस्पतालको निर्माण स्थल पूर्ण समथर नभएकोले यस अस्पताल निर्माणका लागि यस पालिकालाई समेत आर्थिक दायित्व पर्ने भएको छ ।

१७ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्र मार्फत स्थानीय आवश्यकता अनुसार विशेषरुपमा ग्रामिण भौतिक पूर्वाधारका विभिन्न २२ वटा आयोजना सम्मन्न भई दलित, महिला, विपन्न, वेरोजगार लक्षित वर्गका ११० जनाले रोजगारी पाएका छन् । यस कार्यक्रमबाट गरिबीको चपेटामा परेका परिवारलाई राहत पुगेको महशुस गरिएको छ। यसले स्थानीय उत्पादनलाई समेत बृद्धि गरेको छ ।

१८ न्यायिक समिति सञ्चालनका लागि तयार भएको कार्य विधि अनुसार कर्मचारीको व्यवस्था भई नियमित कार्य सम्पादन भएको छ। ७ वटै वडाहरुमा वडा स्तरीय मेलमिलाप समिति समेत गठन भई उक्त समितिमार्फत न्यायिक समितिमा परेका उजुरीहरु विभिन्न विवाद तथा असमझदारीहरुलाई समाधान गरी स्थानीबासीहरु बीच मेलमिलाप र सौहार्द्रपूर्ण वातावरण कायम गर्ने कार्य भएको छ । जसबाट कानून वमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवादहरु स्थानीय न्यायिक समितिबाट निरुपण भई न्यायको पहुँच पुगेको महसुस गरिएको छ ।

सभाध्यक्ष ज्यू,

अव म आगामि आर्थिक वर्षको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका आधारहरु, दीर्घकालिन सोच,लक्ष र उद्देश्य प्रस्तुत गर्दछु ।

१९ नेपालको संविधान, २०७२ , स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, पैयूँ गाउँपालिकाको १५ वर्षे गुरुयोजनाको मार्गदर्शन र नागरिक समाजबाट प्राप्त सुझाव सल्लाहहरुलाई समेत आधार लिएको छु।

२० **"आधुनिक कृषि, प्रविधि, पर्यटन र पूर्वाधार - पैयूँबासीको सम्मृद्धिको आधार"** दीर्घकालीन सोंच राखि दिगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट स्थानीय जनताहरुको जीवन स्तरमा सुधार ल्याउने आर्थिक वर्ष २०७८/०७९ को बजेटको लक्ष्य रहेको छ ।

२१ कोभिड-१९ को नयाँ भेरियन्टको महामारीबाट सिर्जना भएको प्रतिकूल अवस्थामा समग्र पैयूँबासीको जीवन रक्षा गर्नु, शिक्षा र स्वास्थ्यको क्षेत्रलाई स्थानीय जनाताको सहज पहुँचमा पुऱ्याई स्वस्थ्य र शिक्षित नागरिक बनाउनु, स्थानीय पूर्वाधार विकासमा जोड दिँदै एकीकृत विकास (Integrated Development) को अवधारणालाई अवलम्बन गर्नु, आर्थिक र सामाजिक रुपमा पछाडि परेका समुदायलाई विशेष जोड दिई सामाजिक न्यायको विकास गर्नु आ.व.२०७८/७९ को वजेटको उद्देश्य रहेको छ ।

२२ यसै गरी स्थानीय स्रोत साधनहरुको समुचित सदुपयोग गरी लगानीको वातावरण तयार गर्नु, पर्यटकीय क्षेत्रको विकास गरी रोजगारीको अवसर सिर्जना गर्नु, आधुनिकीकरण सहितको कृषि र पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्नु, मौलिक साहित्य, सङ्गीत तथा कलाको संरक्षण र प्रवर्द्धन गर्नु र प्राकृतिक सौन्दर्य, सरसफाइ र पर्यावरणीय प्रवर्द्धनमा जोड दिनु वजेटको उद्देश्य रहेको छ।

**सभाध्यक्ष ज्यू,**

**अव म आगामि आर्थिक वर्षको बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनबाट हुने उपलब्धिलाई छोटकरीमा प्रस्तुत गर्दछु।**

२३ सिमित स्रोत साधान, जनशक्ति तथा बढ्दो जनचाहनाका बावजुत एकै आ.व.मा पूर्ण रुपमा अपेक्षित उपलब्धी हासिल नहुन सक्छ । तथापि आ.व २०७८।०७९ को वजेट कार्यान्वयनबाट पैयूँबासी नागरिकहरुको जीवन रक्षाका लागि कोभिड -१९ लगायत अन्य रोगका विरुद्ध उपचार रोकथाम र नियन्त्रणको प्रभावकारी व्यवस्थापन गरी आधारभूत स्वास्थ्य क्षेत्रमा सबैको समान पहुँच पुगेको हुनेछ।

२४ शैक्षिक क्षेत्रको वर्तमान स्थितिमा गुणात्मक सुधार आउनेछ ।व्यावसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गरिने कार्यक्रम सञ्चालन गरिनेछ । सबै खेति योग्य जमिनमा सिंचाईको व्यवस्था भएको हुनेछ। स्वरोजगार तथा युवा रोजगारमुखी कार्यक्रम कृषि, पशुपालन, पर्यटन, नर्सरी, मौरी र माछा पालन ब्यावसायलाई प्राथमिकता दिइनेछ । जसका माध्यमबाट कृषि ब्यवसायमा आत्मनिर्भरताको सृजना हुनेछ ।

२५ हाल विद्यमान सडक सञ्जालको प्राथमिकताका आधारमा स्तरोन्नति गरी सडक पूर्वाधारको विकास हुनेछ ।

२६ जेष्ठ नागरिक सम्मान तथा निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन मार्फत समाजिक सुरक्षा र स्वास्थ्य सुनिश्चितता हुनेछ ।

२७ स्थानीय बासिन्दाहरुको जीवनस्तरमा गुणात्मक परिवर्तनको प्रयास हुनेछ ।विकास निर्माणमा स्थानीय जनताको रचनात्मक सहयोग र सहभागिता वृद्धि भई समग्र गाउँपालिकाको आर्थिक तथा सामाजिक स्वरुप समुन्नत हुने दिशा तर्फ उन्मुख हुनेछ।

**सभाध्यक्ष ज्यू,**

२८ आगामी आर्थिक वर्ष ०७८/७९ को लागि बार्षिक नीति तथा कार्यक्रम आठौं गाउँसभाबाट सर्वसम्मत स्वीकृत भईसकेको छ।उक्त नीति तथा कार्यक्रमले लक्षित गरेका क्षेत्रहरुलाई प्राथमिकतामा राखी निम्नानुसारका योजनाहरुमा बजेट विनियोजन गरेको छ ।

**आर्थिक विकास**

२९ कृषि र पशुपालनमा नमुना ब्यावसायीक फर्म सञ्चालन गरेका युवा कृषकहरुलाई कृषिमा प्रोत्साहन गर्न **युवा कृषकका लागि कार्यक्रम** सञ्चालन गरिने छ । यसको लागि रु. ५६ लाख छुट्याको छ।

३० परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः व्यवसायीकरण र आधुनीकिकरण गर्न **जनताको साझेदारीमा उत्पादन गाउँपालिकाको योगदान कार्यक्रम'** सञ्चालनका लागि रु.११ लाख विनियजन गरेको छु ।

३१ गाउँपालिकाभित्र रहेका बाँझो जमिनको एकीकृत लगत संकलन गरी **भूमि बैंकको** स्थापना गर्न र भूमि बैंकमा रहेको बाँझो जमिनलाई लिजमा लिई विपन्न तथा भूमिहीन वर्गलाई पहिलो प्राथमिकतामा राखि कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्न व्यवस्था मिलाईने छ

३२ व्यावसायिक खेती तथा नगदे बालीको प्रवर्द्धनका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी कृषिमा रोजगारी सिर्जना गर्न नेपाल सरकारसंग लागत साझेदारी गरी स्थानीय कृषि उत्पादनको संकलन, विक्रि वितरणको लागि कोल्डरुम / पोर्टेवल कोल्ड च्याम्वर निर्माणका लागि रु.२२ लाख विनियोजन गरेको छु ।

३३ कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि वेमौसमी तरकारी उत्पादन गर्न व्यवसायिक कृषकहरुलाई प्लास्टिक टनेल उपलब्ध गराउन रु. ५ लाख ४० हजार विनियोजन गरेको छ ।



पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

३४ पशु विमा प्रवर्द्धनका लागि विमा प्रवर्द्धन कार्यक्रम र रेविज विरुद्धको खोप व्यवस्थापन गर्न रु.३ लाख छुट्याएको छ ।

३५ **हाम्रा र राम्रा रैथाने बीउ विजनहरुलाई** संरक्षण गर्नका लागि **बिज बैंक** (SEED BANK) को स्थापना गर्न रु १ लाख विनियोजन गरेको छु ।

३६ कृषि तथा पशुपालन ब्यावसायलाई प्रोत्साहन गर्न कृषि तथा पशुपंक्षीको तथ्याङ्क नियमित अध्यावधिक गरिनेछ ।

३७ पर्यटन पूर्वाधारहरुको विकास तथा विस्तार गर्दै ऐतिहासिक पैयूँकोट, नायक सायब थान, पालुस्थान, दफर्कू चालालुङ्ग, शिवपुरी धाम, चन्द्रेश्वर शिवालय मन्दिर, बानिडाँडा छहरे झरना, ढुवाखोला झरना,टकलाक शिवालय मन्दिर, विश्वनाथ शिला, नागेश्वर मन्दिर, नाच्नेडाँडा पर्यटकीय स्थल, कोलकाटे वैष्णवी देवी मन्दिर, त्रिवेणी धाम लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरुमा उपयुक्त पूर्वाधार थप गर्ने व्यवस्था मिलाएको छु ।

३८ प्रदेश तथा केन्द्र सरकार संग सहकार्य गरी पालिकाको पूर्वाधार, पर्यटन लगायतका क्षेत्रको विकासका लागि संभाव्यता अध्ययन/डि.पि.आर. तयार गरिनेछ ।

३९ स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग गरी कम लगानीमा सञ्चालन हुन सक्ने घरेलु तथा साना उद्योगहरु स्थापना तथा सञ्चालनमा जोड दिइनेछ।

४० आर्थिक विकासका लागि औद्योगिक विकास अपरिहार्य रहने हुँदा औद्योगिक विकास गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक ग्रामको स्थापना तथा सञ्चालनको कार्य अगाडि वढाइने छ।

४१ सहकारी संस्थाहरुको अनुगमन, निरिक्षण, नियमन तथा प्रवर्द्धन गरी सहकारीलाई समृद्धिका लागि वित्तिय लगानी कर्ताको रुपमा विकास गर्न थप व्यवस्थित र सुदृढ गर्दै लगिने छ । एक वडा एक सहकारीको नीतिलाई निरन्तरता दिइने छ ।

४२ लघुउद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी सम्भावित सवै वस्ति स्तरमा विस्तार गरिनेछ । ड्राइभिङ, हाउस वायरिङ, प्लम्विङ, कपाल काट्ने, सिकर्मी, डकर्मी, सिलाइ कटाइ जस्ता सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गरिने छ । साथै साझा सुविधा केन्द्रको स्थापना गरिनेछ यसका लागि रु. ५ लाख विनियोजन गरेको छु ।समग्रमा आर्थिक विकास तर्फ रु.२ करोड १४ लाख विनियोजन गरेको छु।

**सामाजिक विकास**

४३ हाल विद्यमान कोरोना भाईरसको महामारीका कारण सिर्जित असहज स्थितिमा वैकल्पिक शिक्षण विधिको प्रयोग गरी शैक्षिक क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाइने छ । साथै सिकाई सहजिकरण स्वअध्ययन सामग्री छपाइ गरी प्रत्येक विद्यार्थीलाई वितरण गर्न आवस्यक बजेट विनियोजन गरेको छु ।

४४ संघीय सरकारबाट निर्धारित कार्यविधि र मापदण्डको अधीनमा रही गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरु मर्ज गरी सामुदायिक विद्यालयको शिक्षालाई थप गुणस्तरीय बनाइने छ।



पैयूं गाउँपालिका

४५ प्रारम्भिक वाल विकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने पारिश्रमिकमा यस गाउँपालिका तर्फबाट मासिक रु.७ हजार थप गर्न रु.६५ लाख विनियोजन गरेको छु ।

४६ समुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न क्रमशः ICT को प्रयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाइने छ । विद्यालयमा वालमैत्री तथा सिकाईमैत्री कक्षा कोठाको व्यवस्था गर्न कक्षा कोठालाई छापामय वनाउने वुक कर्नर तथा सिकाई कुनाको व्यवस्थाका लागि आवस्यक वजेट व्यवस्था गरेको छु ।

४७ गाउँपालिकाको शिक्षा क्षेत्रमा विशेष योगदान पुऱ्याउने तथा लामो समय सम्म शिक्षण गर्ने शिक्षक, शिक्षिकाहरुलाई सम्मान गर्ने व्यवस्था मिलाएको छु ।

४८ आधारभूत विद्यालयहरुको हकमा कक्षा ८ को परीक्षाको नतिजा र मा. वि. हरुको हकमा एस.ई.ई परीक्षाको नतिजाका साथै विद्यालयको समग्र शैक्षिक वातावरण तथा व्यवस्थापन लगायतका आधारमा मूल्याङ्कन गरी हरेक वर्ष **उत्कृष्ट वर्ष विद्यालय** (**School Of the Year**) घोषणा गर्ने व्यवस्था मिलाएको छु ।

४९ नेपाल टेलिकम संगको सहकार्यमा निशुल्क इन्टरनेट सेवा प्रदान गरी सूचना मैत्री शिक्षामा आवश्यक बजेट विनियोजन गरेको छु ।

५० वैदेशिक रोजगारीबाट गाउँ फर्केका युवाहरुलाई मध्यनजर गरी उनिहरुको सीपलाई उपयोग गर्न **युवा उद्यमशीलता कार्यक्रम** सञ्चालन गरिने छ ।

५१ खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिनेछ। साथै गाउँपालिकाभित्र रहेका **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई** सम्मान र प्रोत्साहन गरिनेछ ।

५२ युवाहरुलाई उद्यमशीलतातर्फ उन्मुख गराउनका लागि प्रोत्साहन मूलक कार्यक्रमहरुको व्यवस्था गरिने छ ।

५३ **गाउँपालिका अध्यक्ष कप खेलकुद** प्रतियोगिता आयोजना गरिनेछ । अन्तर वडा स्तरीय भलिवल खेलकुदको आयोजना गरिने छ । यसका लागि रु.४ लाख विनियोजन गरेको छु ।

**सदस्य ज्यूहरु,**

५४ आधारभूत स्वास्थ्य नागरिकको मौलिक हकका रुपमा रहेकाले स्वास्थ्य चौकी, औषधालय, निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरुको सेवालाई नियमित र पहुँचयोग्य बनाउन व्यवस्था गरेको छु।

५५ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमासुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिनेछ। परिवार नियोजन तथा किशोर किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवस्यक वजेट विनियोजन गरेको छु ।

५६ महिलाहरुको पाठेघर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरुको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्यसम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

५७ गाउँपालिकाभित्र अत्यावश्यक पर्ने औषधीहरुको वर्षभरि नै अभाव हुन नदिइने व्यवस्थाका लागि रु.१० लाख विनियोजन गरेको छु ।पैयूँ हटिया आयुर्वेदिक औषधालयको भवन मर्मत तथा सुधारका लागि रु.७ लाख विनियोजन गरेको छु ।

५८ सुरक्षित प्रसूति सेवाका माध्यमबाट मातृशिशु मृत्युदरलाई न्यूनीकरण गर्नका लागि गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरुलाई सुविधा सम्पन्न वनाउन व्यवस्था मिलाएको छु ।

५९ महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुलाई लक्षित गरी विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

६० गाउँपालिकाभित्रका बर्थिङ्ग सेन्टर स्वास्थ्य संस्थाहरुमा नियमित चेकजाँच गराई गाउँपालिकाको स्वास्थ्य संस्थाबाट नै प्रसूति सेवा लिने आमाहरुलाई लक्षित गरी प्रोत्साहन कार्यक्रमको व्यवस्था मिलाएको छु ।

६१ गाउँपालिका अन्तर्गत सञ्चालित ७ शैयाको अस्थायी कोरोना अस्पताललाई १० शैयाको आधारभूत प्राथमिक अस्पतालको रुपमा सञ्चालनमा ल्याई २४ सै घण्टा इमर्जेन्सी सेवा प्रदान गरिनेछ । हाल उपलव्ध X- Ray मेसिन सञ्चालनमा ल्याउनुको साथै USG / ECG सेवा प्रदान गर्नको लागि आवस्यक श्रोत साधन र जनशक्तिको व्यवस्था गरिनेछ ।यसका लागि रु. ६ लाख ५० हजार विनियोजन गरेको छु ।

६२ गाउँपालिका अन्तर्गत उपलव्ध स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन आवस्यक पर्ने औजार उपकरणको सुनिश्चतता गर्नुको साथै ल्याव सेवा विस्तार गर्ने व्यवस्था मिलाएको छु ।

६३ गाउँपालिका अन्तर्गत समुदाय स्तरमा सेवारत सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुको सेवा प्रभावकारी बनाउन ६० वर्ष उमेर पुगेकालाई सम्मानजनक विदाई र नयाँलाई आवस्यक तालिमको व्यवस्था मिलाएको छु ।

६४ गाउँपालिका भित्र स्थायी बसोबास गर्ने महिलाहरु सुत्केरी भएको अवस्थामा उचित पोषणको गर्न रु.५ लाख छुट्याएको छु । विनियोजित रकम **उपाध्यक्षसंग गर्भवती र सुत्केरी सञ्चो विसञ्चो कार्यक्रम** सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

६५ **वृद्ध वृद्धा तथा अपाङ्गता भएका नागरिकसंग अध्यक्ष कार्यक्रम** सञ्चालन गरी आवश्यकतानुसार ह्वील चियर, वैशाखी, बेड, ईयर डिभाईस लगायतका सामग्रीहरु उपलब्ध गराउन रु. ३ लाख विनियोजन गरेको छु ।

६६ विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । एकल महिला, विपन्न तथा न्यून आय भएकाहरुका लागि आयमूलक एवं क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

६७ सरकारी सेवामा महिला सहभागिता वढाउन यस गाउँपालिकाका १५ जना महिलाहरुलाई समेट्ने गरी लोक सेवा परिक्षा तयारी कक्षा सञ्चालन गर्न रु.२ लाख विनियोजन गरेको छु ।

पैयूं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

६८ जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइने छ । यस गाउँपालिकाको वडा नं. ३ वेउलीबास गोहपुकमा रहेको जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाई थप सुविधा सम्पन्न वनाउने व्यवस्था मिलाएको छु ।

६९ गाउँपालिकाभित्र परम्परागत रुपमा सञ्चालित मेला तथा जात्राहरुलाई संरक्षण तथा सम्वर्द्धनका लागि आवस्यक व्यवस्था मिलाएको छु ।

७० सामाजिक न्यायलाई जनस्तरमा पुऱ्याउन स्थानीय न्यायिक समिति तथा वडास्तरमा स्थापना भएको मेलमिलाप समितिलाई थप प्रभावकारी बनाउन मध्यम अवधिको क्षमता विकास तालिमको व्यवस्था गर्नका लागि न्यायिक समिति सञ्चालन तथा व्यवस्थापनमा रु.१२ लाख विनियोजन गरेको छु। समग्रमा सामाजिक विकास तर्फ रु.१८ करोड ९० लाख विनियोजन गरेको छु ।

## पूर्वाधार विकास

७१ आगामि ३ वर्ष भित्र गाउँपालिकाको केन्द्र देखि सवै वडाको केन्द्र सम्म पक्की सडक मार्फत जोड्न आवश्यक व्यवस्था मिलाएको छु ।

७२ १८ महिना भित्र यस गाउँपालिकाको आफ्नै प्रशासकीय भवनबाट सेवा सञ्चालन गर्ने गरी प्रशासकीय भवन निर्माण गर्न र वडा नं. ३ र ६ को वडा कर्यालयको भवन निर्माणको लागि रु.१ करोड ५० लाख विनियोजन गरेको छु ।

७३ वर्षायामको समाप्ति र शारदीय पर्वहरुको आगमन पूर्व पालिकाका ७ वटै वडाहरुमा **हाम्रो वडा राम्रो वडा** कार्यक्रम सञ्चालन गरी बाटो सरसफाई लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था मिलाएको छु ।

७४ वैकल्पिक ऊर्जाको विकासमा जोड दिदै गाउँपालिकाभित्रका शहरोन्मुख क्षेत्रहरुमा सौर्य सडक बत्तीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिन आवस्यक व्यवस्था मिलाएको छु।

७५ सवै वडाहरुमा लाईनफोन तथा इन्टरनेट सेवा विस्तारका लागि आवश्यक पहल व्यवस्था मिलाएको छु। साथै हातेमालो बजार क्षेत्रमा चालु आर्थिक वर्ष देखि इलाका प्रहरी कार्यालयको समन्वयमा यस गाउँपालिका मार्फत जडान गरी सञ्चालनको क्रममा रहेको सि.सि.क्यामेरा उपकरण मर्मत तथा विस्तारका लागि आवस्यक वजेटको व्यवस्था गरेको छु ।

७६ गाउँपालिका भित्र वड्दै गरेको शहरीकरण र फोहोर मैला व्यवस्थापनको दीर्घकालिन समाधानको लागि ल्याण्डफिल्ड साइडको निर्माण गर्न रु.२ करोड २० लाख विनियोजन गरेको छु बालाकोट सित्ले साधने सडक सतरोन्नतिका लागि संघीय समपुरक अनुदान तर्फ रु. ४ करोड १४ लाख वजेट विनियोजन भई सोका लागि आवस्यक समपुरक रकम विनियोजन गरेको छु ।त्यसै गरी वयरघारी ठुली भञ्याङ्ग चौपारीडाँडा हिले ३ भोर्ले हुवास सडकको लागि १ करोड ५० लाख विनियोजन गरेको छु । पूर्वाधार विकास तर्फ रु.१५ करोड ५३ लाख २२ हजार विनियोजन गरेको छु ।

## वातावरण तथा विपद् व्यवस्थापन

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

७७ विभिन्न प्रकारका विपद्बाट सृजित संकट पूर्ण परिस्थितिलाई सामन गर्न तथा पूर्व तयारीका लागि विपद् व्यवस्थापन कोषका लागि रु.५० लाख विनियोजन गरेको छु। समग्रमा वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु.५८ लाख विनियोजन गरेको छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

७८ कर्मचारीहरुको पेशागत व्यवसायिकता अभिवृद्धि तथा उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

७९ गाउँपालिकाबाट प्रवाह गरिने अत्यावश्यक सामाजिक क्षेत्रका सेवाहरुलाई लक्षित जनतासम्म पुर्‍याउन घर दैलो/घुम्ती सेवा सञ्चालनका लागि आवस्यक वजेट विनियोजन गरेको छु। संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रु.६ करोड ५० विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

८० अब म आर्थिक वर्ष २०७८/०७९ का लागि पैयूँ गाउँपालिकाको अनुमानित आय व्ययको विवरण पेस गर्ने अनुमति चाहन्छु ।

८१ यस गाउँपालिकाको लागि आ.व.०७८/७९ मा जम्मा रु.४३ करोड ६५ लाख २२ हजार को अनुमानित आय पेश गरेको छु । जसमध्ये नेपाल सरकारको वित्तीय समानीकरण अनुदानतर्फ रु.८ करोड ५३ लाख, प्रदेश समानीकरण अनुदानतर्फ रु.९१ लाख ८१ हजार, नेपाल सरकार सशर्त अनुदानतर्फ रु.१८ करोड ८३ लाख रहेको छ ।

८२ नेपाल सरकार विशेष अनुदान तर्फ रु.२ करोड २० लाख रहेको छ भने त्यसै गरी जिल्ला समन्वय समिति पर्वतबाट प्रासहुने रकम रु.४० लाख रहेको छ ।

८३ नेपाल सरकारको समपुरक अनुदान रु.४ करोड १४ लाख साथै प्रदेश समपूरक अनुदानतर्फ रु.१ करोड रहेको छ । त्यसै गरी नेपाल सरकार राजश्व बाँडफाँडतर्फ रु.५ करोड २२ लाख ६९ हजार, प्रदेश सरकार राजश्व वाँडफाँडतर्फ रु.२४ लाख २ हजार, आन्तरिक आम्दानीतर्फ रु.६६ लाख ७० हजार र चालु वर्षमा रहने मौज्दाततर्फ रु.१ करोड ५० लाख रहेको छ ।

**सभाध्यक्ष ज्यू,**

८४ यसै गरी म अब यस गाउँपालिकाको आ.व.०७८/७९ का लागि जम्मा रु.४३ करोड ६५ लाख २२ हजारको अनुमानित व्यय पेश गर्न चाहन्छु । जस मध्ये सशर्त तर्फ रु.२६ करोड ५७ लाख रहेको छ भने संघीय तथा प्रदेश सरकार समानिकरण अनुदान, राजश्व बाँडफाड र अन्तरिक तर्फको स्रोतको व्यय १७ करोड ८ लाख २२ हजार रहेको छ जस मध्ये चालु तर्फ रु. २३ करोड ८३ लाख र पूँजीगत तर्फ रु.१९ करोड ८२ लाख २२ हजार रहेको छ । कुल अनुमानित विनियोजित वजेट मध्ये चालु तर्फ रु.२३ करोड ८३ लाख (५४.५९ प्रतिशत) र पूँजीगत तर्फ रु.१९ करोड ८२ लाख २२ हजार (४५.४१ प्रतिशत) हुन आउने देखिएको छ।



पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

८५ स्थानीय सरकारले प्राप्त गरेका उपलब्धिहरुलाई समुन्नत वनाउदै आर्थिक, सामाजिक र सांस्कृतिक सवै क्षेत्रको तिव्र विकास गरी आधुनिक कृषि प्रविधि पर्यटन र पूर्वाधार पैयूँबासीको समृद्धिको आधार भन्ने दीर्घकालिन लक्ष पुरा गर्ने अठोटका साथ आर्थिक वर्ष २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

८६ बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समृद्ध पैयूँ स्थापित भई पैयूँबासीमा खुसी प्राप्ति हुदै जाने छ ।

८७ प्रतुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनमा सवै क्षेत्रबाट सहयोग प्राप्त हुने विश्वास गर्दछु।

८८ अन्त्यमा, पैयूँको विकासमा योगदान पुर्याउने स्थानीय राजनैतिक दलहरु, निजिक्षेत्र र सहकारी क्षेत्रहरु प्रति आभार प्रकट गर्दछु । आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्नुहुने राष्ट्रसेवक कर्मचारी, श्रमिक तथा श्रमजीवि, स्थानीय नागरिक समाज, वुद्धिजीवि, पत्रकार/सञ्चारकर्मी तथा पैयूँबासी जनतालाई धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

जसमती गुरुङ्ग
उपाध्यक्ष

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३